# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
## सानोठिमी, भक्तपुरको
# विज्ञप्ती
(मिति: २०८१/०२/३२)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले मिति २०६९/०२/२९ गते कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेको सूचना अनुसार प्रमाण-पत्र तथा डिप्लोमा तहका कार्यक्रम सञ्चालनका लागि प्रस्तावना पेश गरेका र परिषद्को विभिन्न मितिमा प्रकाशित सूचना अनुसार अद्यावधिक गरिएका आवेदक संस्थाहरुको सम्बन्धन प्रकृयालाई पारदर्शी र व्यवस्थित बनाउन शिक्षण संस्थाहरुको विवरण परिषद् कार्यालयको वेबसाइटमा मिति २०८१/०२/३० गते प्रकाशन गरिएको छ । उपरोक्त संस्थाहरुको परिषद् कार्यालयबाट हुने स्थलगत तथा पूर्वाधार निरीक्षण पश्चात हरेक प्रदेशमा सम्बन्धित पेशागत परिषद्बाट खटिएका विज्ञ प्रतिनिधि सहितको अनुगमन टोलीबाट सत्यापन (verification) गर्ने प्रकृया शुरु गरिएको छ ।

**हाल खटाइएका टोलीहरु**

**टोली "क"**
१. श्री गौरी शंकर पाण्डे, उप-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - संयोजक
२. श्री विजेश बस्नेत, प्राविधिक अधिकृत, प्रा. शि. तथा व्या. ता. परिषद् - सदस्य
३. सम्बन्धित पेशागत परिषद्बाट विज्ञ प्रतिनिधि - सदस्य

**टोली "ख"**
१. श्री दुर्गा कंडेल, उप-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - संयोजक
२. श्री मिनराज अधिकारी, उप-निर्देशक, प्रा. शि. तथा व्या. ता. परिषद - सदस्य
३. सम्बन्धित पेशागत परिषद्बाट विज्ञ प्रतिनिधि - सदस्य